**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 18.04.2025**

**यो आकाशवाणी गान्तोक हो।**

**Indrahang-TLM**

लोकसभा सांसद इन्द्रहाङ सुब्बा आज महकुमा मजिस्ट्रेटको कार्यालयद्वारा आयोजित शिक्षण-सिकाइ सामग्री, TLM प्रदर्शनी एवं प्रतियोगितामा सहभागी हुनुभयो। कार्यक्रममा देन्ताम महकुमाभित्रका 33 विद्यालयको उत्साहजनक सहभागिता रह्यो। प्रदर्शनीको उद्देश्य विद्यालय र शिक्षकहरूलाई थप प्रभावकारी, आकर्षक र विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउन प्रोत्साहित गर्नु रहेको थियो। यसले उत्कृष्ट अभ्यासहरू साझा गर्न र कक्षाकोठा शिक्षामा रचनात्मक संस्कृतिलाई बढावा दिन मूल्यवान् मञ्च प्रदान गरेको छ। श्री सुब्बाले सबै सहभागीहरूको प्रयासको प्रशंसा गर्दै, क्षेत्रभरि गुणस्तरीय र समावेशी शिक्षालाई समर्थन गर्ने आफ्नो सङ्कल्पलाई दोहोऱ्याउनुभयो।

**Good Friday**

सिक्किमलगायत सारा देशमा आज **गुड फ्राइडे** श्रद्धापूर्वक मनाइयो। ईश्वी संवत ३० मा प्रभु येशू मसीहलाई सुलीमा चढाइएको स्मृतिमा यो पर्व मनाइन्छ। उहाँले मानव कल्याणका लागि यो महान् बलिदान दिनुभएको थियो। यो दिन शोक र प्रायश्चितको दिन हो। यस अवसरमा आज सिक्किममा पनि गिर्जा घरहरूमा प्रार्थना सभा आयोजित गरियो।

**CM-Good Friday**

मुख्यमन्त्री प्रेमसिंह तामाङले गुड फ्राइडेको पवित्र अवसरमा सिक्किमवासीलाई, विशेषगरी इसाई समुदायलाई हार्दिक शुभकामना दिनुभएको छ। उहाँले गुड फ्राइडे प्रभु येशू ख्रीष्टको सर्वोच्च र नि:स्वार्थ बलिदानको अनन्त सम्झनाका रूपमा स्थापित भएको उल्लेख गर्दै भन्नुभयो, यस पवित्र दिनमा, हामी गहन चिन्तन गरौँ, यी चिरस्थायी मूल्यहरूमा आफूलाई पुनः समर्पण गरौँ, र ख्रीष्ट खडा भएको प्रेम, शान्ति र दयाका शुद्ध आदर्शहरूलाई मूर्त रूप दिन प्रयास गरौँ।

**Nathang-Machon-Tea**

राज्यमा तिमी चिया बगानपछि दोस्रो ठूलो चिया बगानका रूपमा स्थापित हुने दिशामा नाथाङ-माचोङ निर्वाचन क्षेत्रअन्तर्गत पर्ने लिङ्के-पारखा अघि बढिरहेको छ र यस सन्दर्भमा आज राज्यसभा सांसद डीटी लेप्चाले नाथाङ-माचोङ निर्वाचन क्षेत्रका विभिन्न स्थानमा चिया कारखाना स्थापनाको सम्भावनाबारे जानकारी लिनुभयो। सांसद श्री लेप्चाले सम्बन्धित अधिकारीहरू र बोर्डका सरोकारवालाहरूसँग संयुक्त रूपमा स्थलगत निरीक्षण गरी, कारखाना स्थापनाका लागि उपयुक्त स्थानको पहिचान गर्नुभयो। जुलाई महिनाको पहिलो हप्ताभित्र डी.पी.आर तयार गरिसक्न निर्देशन दिइएको पनि उहाँले जानकारी गराउनुभयो। उहाँले संसदमा आफूले चिया खेती विकाससम्बन्धी कुरा उठाइसकेको र सम्बन्धित विभागबाट लिखित आश्वासन पाइसकेको पनि बताउनुभयो।

**MLA-Siddeswar**

नाम्ची-सिङ्गीथाङ क्षेत्रका विधायक सतीशचन्द्र राईले नाम्चीस्थित सिद्धेश्वर धामको आगामी पन्धौँ स्थापना वर्ष महोत्सवको तयारीको समीक्षा गर्न आज निरीक्षण भ्रमण गर्नुभयो। भ्रमणका क्रममा उहाँले पर्वका लागि भइरहेका विभिन्न कामकुराको जाँच गर्नुभयो र समारोह अगावै आवश्यक सबै काम समयमै सम्पन्न गर्न सम्बन्धित विभागका अधिकारीहरूलाई निर्देशन दिनुभयो, र धाम परिसरको पवित्रता र सुव्यवस्था कायम राख्न मिलेर प्रयास गर्नुपर्नेमा जोड दिनुभयो। साथै, उहाँले कार्यक्रममा आउने VVIP अतिथिहरूको न्यानो र सम्मानजनक स्वागत सुनिश्चित गर्न धामका कर्मचारीहरूलाई निर्देशन दिनुभयो।

**Heavy Vehicles Restriction**

राष्ट्रिय राजमार्ग पूर्वाधार विकास निगम लिमिटेड, NHIDCL, PMU-सिलगढीले राष्ट्रिय राजमार्ग NH-10 को सेभोक-रम्फू मार्ग अप्रेल 18, आज र अप्रेल19, भोलि सबै प्रकारका भारी सवारी साधनहरूको आवागमनमा अस्थायी प्रतिबन्धको घोषणा गरेको छ। प्रतिबन्ध दुवै दिन बिहान तीन बजेदेखि साँझ छ बजेसम्म लागू हुनेछ, र यो प्रतिबन्ध ट्रक, टिपर, कन्टेनर र अन्य भारी सवारी साधनहरूका लागि लागू हुनेछ। यो महत्त्वपूर्ण सडक खण्डमा अत्यावश्यक सडक मर्मतसम्भार र सुरक्षासम्बन्धी कामलाई सहज बनाउन यो निर्णय लिइएको हो। राजमार्गको प्रभावित भाग सेभोकदेखि रम्भीसम्म रहनेछ। प्राधिकरणले सबै यातायात व्यवसायी र यात्रुहरूलाई सम्भावित असुविधाबाट बच्न आवश्यक यात्रा समायोजन गर्न र वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरेको छ।

**Dzongu visit**

पासिदाङ जङ्गुका BDO का नेतृत्वमा एक टोलीले GPU का प्रमुख क्षेत्रहरूको भ्रमण गरे। भ्रमणको क्रममा, टोलीले Sakyong-Pentong GPU मा जडान बढाउने महत्वपूर्ण पूर्वाधार परियोजना, Laven मा निर्माणाधीन पुलको निरीक्षण गऱ्यो। परियोजना द्रुत गतिमा अगाडि बढिरहेको देखियो र अर्को महिना भित्र सम्पन्न हुने लक्ष्य राखिएको छ जुन समयमै परियोजना कार्यान्वयन गर्न प्रशासनको प्रतिबद्धताको प्रोत्साहनजनक संकेत हो।

**Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन **18** डिग्री सेल्सियस र न्यूनतम तापमन **12.9** डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान **19** डिग्री सेल्सियस र न्यूनतम तापमान **13** डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।